जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com


वडा दशैं दोस्रो दिन



ब्रम्हचारिणीको पूजा

दधाना करपद्माभ्यामक्षमालाकमण्डलू।
देवी प्रसीदतु मयि ब्रह्मचारिण्यनुत्तमा॥


वर्ष २८ •अंक १४५ • २०८३ साल आश्विन २६ गते सोमबार (12 October, Monday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-


## दशैंको दोस्रो दिन आजः देवी दुर्गाको पूजा



**टुडे समाचारदाता**

जनकपुरधाम । बडा दशैंको दोस्रो दिन सोमबार आश्विन शुक्ल द्वितीयाका अवसरमा घरघरमा देवी दुर्गाको पूजा-आराधना गरिँदैछ। घटस्थापनाबाट शुरु भएको नवरात्रिको धार्मिक अनुष्ठानलाई निरन्तरता दिँदै भक्तजनले देवीको स्मरण, पूजापाठ र आराधना गर्ने परम्परा छ।

आश्विन शुक्ल प्रतिपदाका दिन घटस्थापना गरी जमरा राखेसँगै सुरु हुने नवरात्रिका नौ दिन देवी दुर्गाका विभिन्न स्वरूपको पूजा गर्ने धार्मिक मान्यता छ। दोस्रो दिन पनि घटस्थापनाका दिन स्थापना गरिएको कलश र जमराको पूजा गरी देवीप्रति श्रद्धा व्यक्त गरिन्छ । नवरात्रिका प्रारम्भिक दिनहरूमा घरघरमा पूजापाठ गर्ने, दुर्गा सप्तशती पाठ गर्ने तथा मन्दिरमा दर्शन गर्न जाने चलन छ।

दशैंको पहिलो दिन घटस्थापनामा विधिपूर्वक कलश स्थापना गरी जौ, मकै, गहुँलगायतका अन्न छरेर जमरा राखिन्छ । घरको पूजाकोठा वा पवित्र स्थानमा स्थापना गरिएको कलशलाई देवी दुर्गाको प्रतीकका रूपमा पूजा गर्ने परम्परा छ।

दोस्रो दिन उक्त पूजालाई निरन्तरता दिँदै कलशको पूजा, दीप प्रज्वलन, धूप, फूल तथा नैवेद्य अर्पण गरिन्छ। परिवारका सदस्यहरू भेला भएर देवीको आराधना गर्ने र घरपरिवारमा सुख, शान्ति, समृद्धि तथा आरोग्यको कामना गर्ने चलन छ।

## 'अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन' को तयारी पूरा

# संघीयता कार्यान्वयन र प्रदेशबीच सहकार्य विस्तार मुख्य एजेन्डा

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय शासन प्रणालीलाई थप प्रभावकारी बनाउँदै प्रदेशहरूबीच सहकार्य, समन्वय र साझेदारी विस्तार गर्ने उद्देश्यले कोशी प्रदेश सरकारको आयोजनामा विराटनगरमा हुन लागेको 'अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलन-२०८३' को सम्पूर्ण तयारी पूरा भएको छ। यही असोज २७ र २८ गते आयोजना हुने सम्मेलनमा सातै प्रदेशका मुख्यमन्त्रीसहित उच्चपदस्थ पदाधिकारीहरूको सहभागिता रहनेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आइतबार पत्रकार सम्मेलन आयोजना गरी सम्मेलनको तयारी पूरा भएको जानकारी दिएको हो। सम्मेलनमा सातै प्रदेशका मुख्यमन्त्री, मुख्य न्यायाधिवक्ता, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष र प्रमुख सचिवहरू सहभागी हुनेछन्।

सम्मेलनको मुख्य उद्देश्य संविधानले परिकल्पना गरेको संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्दै प्रदेश सरकारहरूले भोगिरहेका साझा समस्या समाधानका लागि साझा धारणा निर्माण गर्नु रहेको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बताए। प्रदेशहरूबीच अनुभव आदानप्रदान, अधिकारको प्रभावकारी प्रयोग, कानुनी जटिलताको समाधान र अन्तरप्रदेश सहकार्यका सम्भावना पहिचान सम्मेलनका प्रमुख प्राथमिकता हुने उनले जानकारी दिए।

पत्रकार सम्मेलनमा मुख्यमन्त्री कार्कीले संघीयताको मर्म अनुसार प्रदेश सरकारहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक नीतिगत, कानुनी र संस्थागत विषयमा सम्मेलन केन्द्रित हुने बताए । प्रदेशहरूले हालसम्म गरेका काम, प्राप्त उपलब्धि, कार्यान्वयनका क्रममा देखिएका चुनौती तथा कमजोरीको समीक्षा गरी सुधारका उपाय खोजिने उनको भनाइ छ।

संविधानले प्रदेशलाई प्रदान गरेका अधिकारको प्रभावकारी कार्यान्वयन, संघ, प्रदेश र स्थानीय तहबीच




अधिकार तथा जिम्मेवारीको स्पष्टता र तीन तहका सरकारबीचको समन्वयलाई व्यवस्थित बनाउने विषयमा सम्मेलनमा गहन छलफल हुनेछ। अधिकारको प्रयोग र जिम्मेवारी निर्वाहका क्रममा देखिएका अस्पष्टता तथा व्यावहारिक समस्यालाई सम्बोधन गर्न आवश्यक साझा पहलका विषयमा समेत विचारविमर्श गरिनेछ।

त्यस्तै, कानुन निर्माण तथा कार्यान्वयनका क्रममा प्रदेशहरूले भोग्दै आएका समस्याको पहिचान गरी कानुनी र नीतिगत सुधारका सम्भावना खोजिनेछ। प्रदेशहरूमा भएका सफल अभ्यासलाई अन्य प्रदेशमा विस्तार गर्ने र एकअर्काका अनुभवबाट सिकेर कार्यसम्पादन तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने विषयलाई पनि प्राथमिकता दिइनेछ।

सम्मेलनले प्रदेशहरूबीच सहकार्य र साझेदारीको दायरा विस्तार गर्ने विषयलाई विशेष प्राथमिकता दिनेछ। दुई वा दुईभन्दा बढी प्रदेशको साझा हितसँग जोडिएका विषयमा संयुक्त रूपमा काम गर्ने, साझा समस्या समाधानका लागि समन्वय गर्ने तथा उपलब्ध स्रोतसाधनको प्रभावकारी उपयोग गर्ने सम्भावनाबारे छलफल गरिनेछ।

प्रदेश सरकारहरूबीच नियमित संवाद र सहकार्यको आधार बलियो बनाउन सके विकास निर्माण, नीति निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता बढाउन सकिने अपेक्षा आयोजकले गरेको छ। यसका लागि प्रदेशहरूबीच सफल अभ्यास, कार्यानुभव र सिकाइ आदानप्रदान गर्दै साझा समस्या समाधानका व्यावहारिक उपाय पहिचान गरिनेछ।

वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन पनि सम्मेलनको महत्वपूर्ण एजेन्डा हुनेछ। प्रदेश सरकारहरूको वित्तीय क्षमता, स्रोतसाधनको परिचालन र विकास निर्माणका कामलाई परिणाममुखी बनाउने विषयमा छलफल हुनेछ। संविधानप्रदत्त अधिकार कार्यान्वयन गर्न प्रदेशहरूलाई आवश्यक नीतिगत तथा संस्थागत आधार तयार पार्ने विषयमा समेत साझा समझदारी विकास गर्ने प्रयास गरिनेछ।

सम्मेलनमा विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरणका विषयमा पनि छलफल हुनेछ। विपद्का बेला प्रदेशहरूबीच समन्वय, सूचना तथा अनुभव आदानप्रदान र आवश्यक स्रोतसाधनको परिचालनलाई प्रभावकारी बनाउने उपाय खोजिने मुख्यमन्त्री कार्कीले बताए।

कोशी प्रदेश सरकारका अनुसार सम्मेलनबाट प्रदेशहरूका साझा समस्या पहिचान गरी समाधानका लागि सहकार्यको आधार निर्माण गर्ने, संघीय शासन प्रणालीको कार्यान्वयनलाई थप परिणाममुखी बनाउने र प्रदेश सरकारहरूबीचको सम्बन्ध सुदृढ गर्ने अपेक्षा गरिएको छ।

दुई दिनसम्म सञ्चालन हुने सम्मेलनले प्रदेशहरूबीच साझा धारणा निर्माण गर्नुका साथै संघीयताको प्रभावकारी कार्यान्वयन, कानुनी तथा नीतिगत सुधार र अन्तरप्रदेश साझेदारी विस्तारका लागि महत्वपूर्ण अवसर प्रदान गर्ने विश्वास गरिएको छ।

# बुढीगण्डकीमा भीषण बाढीः सयौं घरमा क्षति, पाँच जना अझै बेपत्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । गोरखाको बुढीगण्डकी नदीमा आइतबार बिहान आएको भीषण बाढीको वास्तविक कारण पत्ता लगाउन ड्रोनसहित भूगर्भविद् र प्राविधिक टोली परिचालन गरिएको छ। चुमनुब्री गाउँपालिका-६ को तुम्जे क्षेत्रनजिक पहिरोले खोला थुनेपछि जमेको पानी एक्कासी खुलेर बाढी आएको प्रारम्भिक अनुमान गरिएको छ। घटनामा पाँच जना बेपत्ता भएका छन् भने बस्ती, पुल, सडक तथा जलविद्युत् आयोजनाका संरचनामा ठूलो क्षति पुगेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाए अनुसार बाढी प्रभावित क्षेत्रको स्थलगत तथा हवाई निरीक्षण गरी घटनाको कारण र क्षतिको विस्तृत विवरण संकलन गर्न तीन सदस्यीय भूगर्भविद्सहितको टोली खटाइएको छ। बाढीले बगाएका पुलको विकल्प खोज्न तथा आवश्यक स्थानमा बेलिब्रिज राख्न सकिने सम्भाव्यता अध्ययनका लागि सडक विभाग र स्थानीय पूर्वाधार विकास विभागका प्राविधिक अधिकारीसमेत परिचालन भएका छन्।

बाढीको प्रारम्भिक सूचना आइतबार बिहान प्राप्त भएपछि गोरखासहित धादिङ, तनहुँ, चितवन तथा नवलपरासीका दुवै जिल्लामा सतर्कता अपनाइएको छ। नदी तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा जान र जोखिमयुक्त पुल तथा सडक प्रयोग नगर्न आग्रह गरिएको छ। जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रबाट प्राप्त सूचनाका आधारमा सर्वसाधारणलाई एसएमएसमार्फत पूर्वसूचना पठाइएको प्राधिकरणले जनाएको छ।

बाढीको उद्गमस्थल चुमनुब्री गाउँपालिका-६ स्थित लोक्पा र चुलीडाँडाको बीचमा रहेको पहिरो प्रभावित क्षेत्रलाई मानिएको छ। भू-उपग्रहका तस्बिर तथा हवाई निरीक्षणका क्रममा तुम्जे क्षेत्रनजिक ठूलो पहिरो गएको देखिएको बाढी पूर्वानुमान महाशाखाका बाढीविद् विनोद पराजुलीले बताएका छन् । पहिरोले बुढीगण्डकीको सहायक खोला उंगेलिङ थुनेपछि पानी जमेको र अवरोध खुलेसँगै एक्कासी ठूलो बहाव आएको हुन सक्ने प्रारम्भिक आकलन छ।

हवाई निरीक्षणमा सहभागी प्राविधिकका अनुसार खोलाको तीव्र बहावसँगै ढुंगा, माटो र कालो लेदो बगेको देखिएको छ। कतिपय स्थानमा हिलोमाटो अग्ला रुखका टुप्पासम्म पुगेको बताइएको छ । घटनाअघि सम्बन्धित क्षेत्रमा पछिल्लो २४ घण्टामा छिटपुट मात्र वर्षा भएको विवरण रहेकाले तत्कालीन वर्षाका कारण मात्र बाढी आएको सम्भावना कम



देखिएको महाशाखाले जनाएको छ । यद्यपि बाढीको वास्तविक कारण र पहिरोको प्रकृतिबारे विस्तृत प्राविधिक अध्ययन भइरहेको छ।

बाढीमा परी चुमनुब्री-६ चुम्चेतस्थित उंगिलुङ क्षेत्रका दुई महिला र तीन पुरुष बेपत्ता भएका छन् । प्रहरीले जनाए अनुसार ६५ वर्षीय सोनाम लामा, उनकी ५९ वर्षीया श्रीमती मोम्मो अजि लामा, ६६ वर्षीया सोम भुटी लामा, ७३ वर्षीय कर्मा लामा र ४१ वर्षीय पेमा दोर्जे लामा सम्पर्कविहीन छन् । उनीहरू भेडीगोठमा रहेका बेला बाढी आएको प्रारम्भिक विवरण छ।

बेपत्ताहरूको खोजीका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन भएका छन् । नेपाली सेनाका चार हेलिकोप्टरसहित सुरक्षाकर्मीले जोखिममा परेका तथा बाढी प्रभावित क्षेत्रमा फसेका व्यक्तिको उद्धार गरिरहेका छन् । आइतबार दिउँसोसम्म सार्वजनिक विवरणअनुसार कम्तीमा ४७ जनाको उद्धार गरी सुरक्षित स्थानमा सारिएको थियो। पछिल्लो अन्तर्राष्ट्रिय समाचार विवरणमा उद्धार गरिएका व्यक्तिको संख्या ४९ पुगेको उल्लेख छ । उद्धार तथा खोजी कार्य जारी रहेकाले विवरण अद्यावधिक हुन सक्नेछ।

बाढीले चुमनुब्री र धार्चे गाउँपालिकाका विभिन्न बस्तीमा ठूलो क्षति पुर्‍याएको छ । प्रारम्भिक विवरण अनुसार जगत, बगर, सल्लेरीलगायत क्षेत्रमा ३५ देखि ४० वटासम्म घर बगाएको अनुमान गरिएको छ। माछिखोलाको तल्लो बस्तीका २० देखि २२ घर जोखिममा परेका छन्। केही घरमा बाढी पसेको र पशुचौपाया राखिएका गोठसमेत बगाएको विवरण प्राप्त भएको छ । बाढीले चुमनुब्री-३ न्याक्चेतबाट सिर्दिबास जोड्ने पुरानो झोलुंगे पुल, धार्चे क्षेत्रका अन्य पुल तथा आरुघाट गाउँपालिका-२ र ३ जोड्ने सोतीस्थित फलामे पुल बगाएको छ । गोरखा र धादिङ जोड्ने आरुघाट-नयाँपुलको गोरखातर्फको भागमा पनि क्षति पुगेको छ । विभिन्न स्थानमा पुल तथा सडक अवरुद्ध हुँदा आवतजावत र उद्धार कार्यमा चुनौती थपिएको छ।

बाढीले धार्चे-३ सल्लेरीस्थित निर्माणाधीन ३४१ मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजनाको मुख्य क्याम्प र निर्माण उपकरण बगाएको छ। टाइम्स इनर्जी प्रालिको निर्माणाधीन संरचनासहित आसपासका घरमा पनि क्षति पुगेको छ। विद्युत्का पोल तथा टेलिफोन टावरमा क्षति पुग्दा सञ्चार र विद्युत् सेवा प्रभावित हुन सक्ने जोखिम छ।

बाढीको बहाव र जोखिमको अवस्था निरन्तर निगरानीमा राखिएको छ। प्राधिकरणले गोरखा, धादिङ, तनहुँ, चितवन र नवलपरासीका तटीय क्षेत्रका बासिन्दालाई नदी किनारबाट टाढा रहन, सुरक्षित अग्लो स्थानमा जान र आधिकारिक सूचनाको पालना गर्न आग्रह गरेको छ। नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका टोली खोज तथा उद्धारमा खटिएका छन् भने स्वास्थ्यकर्मी र द्रुत प्रतिकार्य टोलीलाई पनि तयारी अवस्थामा राखिएको छ।

बाढीको उद्गमस्थलमा पहिरो अझै सक्रिय रहे-नरहेको, पुनः पानी जम्ने सम्भावना कति छ र क्षतिग्रस्त पुलमा अस्थायी संरचना राख्न सकिन्छ कि सकिँदैन भन्ने विषयमा प्राविधिक अध्ययन भइरहेको जनाइएको छ।






**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

# आज तपस्विनी ब्रम्हचारिणीको पुजा



*दधाना करपद्माभ्यामक्षमालाकमण्डलू ।*
*देवी प्रसीदतु मयि ब्रह्मचारिण्यनुत्तमा ॥*

वडा दशैंमा प्रथम पुजा माता शैलपुत्रीको गरेसँगै घटस्थापना हुन्छ ।घटस्थापना भईसकेपछि

दुर्गा पुजा विधिवत प्रारम्भ हुन्छ ।दुर्गाको नौ दिने पुजालाई नवरात्री भनिन्छ ।नवरात्रीमा दोस्रो दिनको पुजा माता ब्रम्हचारिणीको हुन्छ ।

भगवान शंकरलाई पतिको रुपमा प्राप्त गर्न उनी कठिन तप गरिन् ।उनको घोर तपको कारण देवीको नयम तपश्चारिणी अर्थात ब्रम्हचारिणी नामले प्रख्यात भईन् ।

मांदुर्गाको नवशक्तिको दोस्रो स्वरूप ब्रह्मचारिणीको हो । यहां ब्रह्म को अर्थ तपस्यासित छ। मां दुर्गाको यो स्वरूप भक्त र सिद्धलाई अनन्त फल दिने मानिन्छ। ब्रम्हचारिणीको उपासनाले तप, त्याग, वैराग्य, सदाचार र संयमको वृद्धि हुन्छ। ब्रह्मचारिणीको अर्थ तप को चारिणी यानी तपको आचरण गर्ने मानिन्छ। देवीको यो रूप पूर्ण ज्योतिर्मय र अत्यंत भव्य रहेकोछ। ब्रम्हचारिणी देवीको दाहिने हातमा जप गर्ने माला र बायां हाथमा कमण्डल धारण गरेकि छन् ।

पूर्वजन्ममा यो देवीले हिमालयको घरमा पुत्रीको रूपमा जन्म लिएकी थिईन् ।उनी नारद मुनीको उपदेश अनुसार भगवान शंकरलाई पतिको रूपमा प्राप्त गर्नको लागि घोर तपस्या गरेकि थिईन् ।अत्यन्त कठिन तपस्याको कारण उनलाई तपश्चारिणी अर्थात ब्रह्मचारिणी नयमसे अभिहित गरिएको छ । एक हजार वर्ष सम्म उहाँले केवल फल-फूल खाएर बिताईन् ।उनी सय वर्ष सम्म केवल जमीनमा रहेर शाक पर निर्वाह गरिन् ।

केहि समय कठिन उपवास राख्नु भो । खुल्ला आकाशमुनी वर्षा र घामको घोर कष्ट वर्दास्त गरिन् । तीन हजार वर्ष सम्म झरेको बिल्व पत्र (बेलपत्र) खानुभो ।निरन्तर भगवान शंकरको अराधना गरी रहिन ।त्यसपछि उनी सुकेको बिल्व पत्र (बेलपत्र) खाना छोड दिनुभयो ।कयौं हजार वर्ष सम्म निर्जल र निराहार रही तपस्या गरी रहिन ।बेलपत्र खान छोडेको कारण उहाँको नाम अपर्णा हुन गयो ।भगवान शिवलाई वरको रुपमा प्राप्ति गर्ने माताको तप झन कठोर हुँदै गयो।

कठिन तपस्याको कारण देवीको शरीर एकदम गलीसकेको थियो। देवता, ऋषि, सिद्धगण, मुनि सबैले ब्रह्मचारिणीको तपस्या अभूतपूर्व पुण्य कृत्य रहेको भन्दै उहाँहरुले प्रशंसा गर्न थाले ।साधुसन्त,ऋषी मुनीहरुले उहाँ जस्तो कठिन तप आज सम्म कसैले नगरेको चर्चागर्दै यस किसिमको तप गर्ने देवी ब्रम्हचारिणी अद्भूत रहेको बताए ।ब्रम्चारिणीले मात्र यस्तो तप गर्न सकेको साधुहरुले बताए ।

कठोर तपबाट प्रभावित भएर साधु, सन्त , ऋषीमुनी सबै देवदेउताहरुले मनोकामना परिपूर्ण हुने आर्शिवचनदिदै भने भगवान चंद्रमौलि शिवजी तिमीलाईं पतिको रूपमा प्राप्त हुनेछ । तिम्रो तप पूर्ण भएकाले अब तपस्या छाडी घर फर्कि हाल्न देवदेवताहरुले सुझाव दिए ।सिघ्र नै तिम्रो पिता तिमीलाई बुलाउन आउँदैछन् भन्द्र देउताहरु अन्तरध्यान भए । मां ब्रम्हचारिणी देवीको कृपाले सर्वसिद्धी प्राप्त हुन्छ। दुर्गा पुजाको दोस्रो दिन देवीको यसै स्वरूपको उपासना गरिन्छ। ब्रम्हचारिणी देवीको कथाको सार जीवनको कठिन संघर्षमा पनि मन विचलित हुनु हुँदैन् ।

माता ब्रम्हचारिणीको विधिपूर्वक पुजाले विपरित परिस्थितिमा पनि साहस र धैर्यतापूर्वक अगाडी बढने शक्ति प्राप्त हुन्छ ।देवी भगवतीको पुजा दोस्रो दिन माता ब्रम्हचारिणीको रुपमा भएपनि उहाँको कयौं नामहरु छन् ।घटस्थापनाको दिनदेखि हरेक दिन दुर्गाको विभिन्न स्वरुपहरुको पुजा गरिन्छ ।हिन्दुहरुले शक्तिस्वरुपा दुर्गाको पुजा अत्यन्त निष्ठा र भक्तीपूर्वक गर्छन् ।

## सम्पादकीय

# सजाइए शक्तिपीठ

हिन्दूहरुले बडा दशैंको अवसरमा शक्तिपीठहरु (दूर्गामन्दिर)मा विशेष पूजापाठ गर्छन् । बडा दशैं शुभारम्भ भइसकेको छ। दस दिने बडा दशैंको पहिलो दिन घटनास्थपना (जमरा) राखिएको छ । घटस्थापनाको दिन माता शैलपुत्रीको पूजा गरिन्छ । तराई मधेशमा स्थायी शक्तिपीठहरुको अतिरिक्त दूर्गा भवानीको मूर्ति पनि बनाएर पूजा गरिन्छ । दूर्गा भवानीको पूजाका लागि विभिन्न चोकहरुमा सामूहिक रुपमा मुर्ति बनाइन्छ । कतिपय स्थानहरुमा निजी स्तरबाट पनि दूर्गा माताको मूर्ति स्थापना गरी पूजा गरिन्छ। निजी स्तरबाट मूर्ति पूजा प्रायः भाकल गरेकाहरुले गर्छन् । त्यहाँ पनि पूजा सबैले गर्छन् । तर लगानी निजी (भाकल गरेका) व्यक्तिले गरेका हुन्छन् । अधिकांश स्थानमा सामूहिक रुपमा दूर्गा पूजा गरिन्छ। दूर्गा पूजामा बनाइने मूर्तिहरु विजया दशमीको दिन विसर्जन गरिन्छ । स्थायी रुपमा रहेका मन्दिरहरुमा भने जमरा लगायतका पूजा सामग्रीहरु हटाइन्छ। तर स्थायी दूर्गा मन्दिर हरुमा पनि मूर्ति बनाइएको अवस्थामा विजया दशमीको दिन सेलाइन्छ। तराई मधेशमा हिन्दूहरुले दूर्गा भवानीको मूर्ति स्थापना र शक्तिपीठहरुमा भव्य रुपमा पूजा गर्छन् । हिन्दूहरुले शक्तिपीठ र दूर्गा मन्दिर(स्थायी, अस्थायी) समेत चोक र सडकहरुलाइ भव्य रुपमा सिंगारेका छन् । चोक र सडकहरुले नै दूर्गा पूजा प्रारम्भ भइसकेको झझल्को दिन्छ। दूर्गा पूजाका लागि स्थानीय स्तरबाट सजावट सहित विभिन्न प्रकारको कार्यक्रमहरुको आयोजना गरिन्छ । दूर्गा पूजाको अवसरमा अब राजधानी काठमाण्डुमा समेत मूर्ति पूजाको आयोजन ागर्न थालिएको छ । स्थानीय स्तरबाट चन्दा संकलन गरी आयोजना गरिने दूर्गा पूजाले तराई मधेशमा युवाहरुलाई समेत व्यस्त बनाउँछ । शक्तिपीठ र मूर्ति स्थापना गरी सजावट र पूजाको आयोजनमा युवाहरुको बृहत्त सहभागिता रहने गरेको छ। बडा दशैंको अवधिसम्म युवाहरु धार्मिक, सांस्कृतिक कार्यक्रममा व्यस्त रहे जस्तै अन्य समयमा पनि सामाजिक ,सांस्कृतिक कार्यक्रमहरुमा सहभागिता जनाए । कयौं प्रकारको विकृतिबाट युवाहरु मुक्त हुन सक्छन्। दशैंमा सुरक्षाको स्थितिलाई सुदृढ बनाउन स्थानीय प्रशासनले विशेष सुरक्षा नीति लागु गरेको छ । अत्यधिक भीड हुने राजदेवी मन्दिर लगायतका मठमन्दिर हरुमा पनि सुरक्षाकर्मीहरुको उपस्थिति आवश्यक छ । कमिटीका युवाहरुसँगै सुरक्षाकर्मीहरुको पनि उपस्थिति हुन आवश्यक छ। स्वयंसेवक मात्रले हरेक वर्ष हुने अवाञ्छित क्रियाकलापलाई नियन्त्रण गर्न कठिन रहेको देखिन्छ । सुरक्षाकर्मी समेतको उपस्थिति हुँदा अप्रिय घटनाहरुमा निकै कमी आउने छ । सुरक्षाकर्मीको समन्वय हरेक भीडभाड हुने स्थानमा आवश्यक छ। जनकपुरधाममा सर्वाधिक भीड हुने राजदेवी मन्दिरमा दर्शन पूजालाई अझै व्यवस्थित गर्न आवश्यक छ । तराई मधेशमा बडादशैं पूजापाठ गरी मनाइन्छ। बडा दशैंमा केही शक्तिपीठहरुमा घटस्थापनादेखि नै बली प्रदान हुने गर्छ । केहीमा सप्तमीदेखि बली प्रदान गरिन्छ। काली भवानीको मूर्ति नरहने दूर्गापूजा पण्डालहरुमा बली प्रदान गरिदैन । बली प्रदानको विषयमा भने हिन्दू धर्मावलम्बीहरुमा समेत एकमत छैन ।

# डेटा सुरक्षा विनाको डिजिटलाइजेसन : सरकारी सर्भरदेखि डार्क वेबसम्म नागरिकको विवरण



राजनकुमार झा

पछिल्ला वर्षहरूमा नेपालले सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने अभियानलाई निकै तीव्रता दिएको छ। नागरिक एप, राष्ट्रिय परिचयपत्र, विद्युतीय राहदानी, यातायात व्यवस्था, कर प्रणालीदेखि स्थानीय तहका वडा कार्यालयसम्मका दैनिक कामहरू क्रमशः अनलाइन सञ्जालमा जोडिँदै छन् ।

लाइन बस्नुपर्ने सास्ती हटाएर सेवा छिटो, छरितो र पारदर्शी बनाउने यो अभ्यास आफैँमा समयसापेक्ष र स्वागतयोग्य हो। नयाँ राहदानी बनाउन होस्, बैंकमा नयाँ खाता खोल्न वा सामाजिक सुरक्षा भत्ता लिन, नागरिकका व्यक्तिगत, पारिवारिक र औँठाछापजस्ता विवरणहरू अब राज्यको एकीकृत डिजिटल संरचनासँग जोड्न थालिएको छ ।

तर सेवा प्रवाहलाई एउटै ढोकाबाट सहज बनाउने यो अभ्यास जति सकारात्मक देखिन्छ, नागरिकका यस्ता संवेदनशील विवरणहरूको सुरक्षा सुनिश्चित गर्नुपर्ने राज्यको संवैधानिक र कानुनी दायित्व पनि उत्तिकै गहन बन्दै गएको छ। नेपालको संविधानको धारा २८ ले दिएको गोपनीयताको हक र वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ ले सार्वजनिक निकायलाई नागरिकको व्यक्तिगत सूचना सुरक्षित राख्ने स्पष्ट जिम्मेवारी सुम्पेका छन्।

तर डिजिटल प्रणालीको यो नीतिगत महत्त्वाकांक्षा र नागरिकले भोगिरहेको प्रशासनिक धरातलबीच गहिरो अन्तरविरोध देखिन्छ । एकातिर राज्यले सेवा पाउनका लागि आफ्ना वैयक्तिक विवरण प्रणालीमा दर्ता गर्नैपर्ने बाध्यात्मक व्यवस्था गरेको छ, तर अर्कोतिर विवरण बुझाएर आवेदन दिएको लामो समय बितिसक्दा पनि नागरिकले हातमा भौतिक परिचयपत्र पाउन नसकेका गुनासाहरू सतहमा आइरहेका हुन्छन् ।

अनलाइन फारामको व्यवस्था हुँदाहुँदै पनि राहदानी र सवारी चालक अनुमतिपत्रका लागि उस्तै कष्टकर लाइन लागिरहनु र सरकारी कार्यालय पुग्दा ‘सर्भर डाउन छ’ भन्ने जवाफ सुन्दै फर्कनुपर्ने अवस्थाले हाम्रो प्राविधिक पूर्वाधारको क्षमता र कार्यान्वयनको परिपक्वतामाथि प्रश्न पनि उठाएको छ । सेवा प्रवाहको आधारभूत भरपर्दोपनमै यस्ता नियमित प्राविधिक अवरोधहरू देखिइरहँदा, ती प्रणालीभित्र रहेका नागरिकका संवेदनशील विवरणहरूको सुरक्षा व्यवस्थापन कति बलियो छ त भन्ने संशय झनै गम्भीर बन्न पुगेको छ। र, भखरैका दिनहरूमा घटेका डेटा लिकेज, र्यान्समवेयर आक्रमणजस्ता घटनाहरूले यही सुरक्षा जोखिमलाई सतहमा ल्याइदिएका छन् । यसै सन्दर्भमा देखिएका प्राविधिक यथार्थ, बाह्य जोखिम र हाम्रा संरचनागत पक्षबारे थप चर्चा गरौं है त ।

### सतहमा आएका ताजा घटना र सरकारी प्रणालीको प्राविधिक धरातल

राज्यले अघि सारेको डिजिटल यात्रा र सुरक्षासम्बन्धी सरकारी आश्वस्ततावीच पछिल्ला विभिन्न घटना-परिघटनाहरूले हाम्रो प्राविधिक जगको वास्तविक धरातललाई ऐना देखाइदिएका छन् । विश्वविद्यालय अनुदान आयोगको अनलाइन प्रणालीमा देखिएको प्राविधिक समस्यालाई चरम हेलचेक्र्याइँको एउटा नमुनाका रूपमा लिन सकिन्छ, जहाँ पहुँच नियन्त्रण (एक्सेस-कन्ट्रोल)को प्रबन्धसमेत नहुँदा प्राध्यापक र विद्यार्थीका नागरिकता, शैक्षिक प्रमाणपत्र, बैंक खाता तथा प्यान नम्बरजस्ता संवेदनशील विवरण इन्टरनेट ठेगाना (यूआरएल) को सामान्य हेरफेरमै खुला भेटिए।

यो समस्या सफ्टवेयरको कमजोर कोडिङमा मात्र सीमित नरहेर प्रशासनिक अनुशासनको तहसम्मै गहिरिएको सङ्केत भेटिन्छ। राष्ट्रिय साइबर सुरक्षा केन्द्र (ल्ऋक्ऋ) अन्तर्राष्ट्रिय ब्रिच ट्र्याकिङ प्लेटफर्म ह्याभ आइ बिन पोन्ड (एचआइबीपी)सँग आबद्ध भएलगत्तै सरकारी डोमेन (नेपाल.गभ.एनपी) का कम्तीमा १३५ आधिकारिक इमेल बाह्य ब्रिचमा परेको तथ्य सार्वजनिक हुनुलाई अर्को दृष्टान्तका रूपमा लिँदा अतिशयोक्ति नहोला। प्रधानमन्त्री कार्यालय, गृह, अर्थ र परराष्ट्र मन्त्रालयजस्ता संवेदनशील निकायका इमेल विवरण चुहिनु र कृषि विकास बैंक लगायतका क्रेडिन्सियल इन्फोस्टिलर मालवेयरमार्फत डार्कवेबमा पुग्नुले के स्पष्ट पार्छ भने,सरकारी सर्भर सिधै नभत्किए पनि कमजोर पासवर्ड अभ्यास, कर्मचारीको लापरबाही र बहु-तह प्रमाणीकरण (मल्टी-फ्याक्टर अथेन्टिकेसन) को अभाव नै राज्य संयन्त्रलाई बाह्य जोखिममा धकेल्न पर्याप्त छन् ।

यति मात्र कहाँ हो र, जोखिमको यो दायरा व्यक्तिगत सूचनाबाट फराकिलो बन्दै अन्ततः मुलुकको वित्तीय बजार र केन्द्रीय पूर्वाधारको ढोकासम्मै पुगेको देखिन्छ। ७२ वटा ब्रोकर कम्पनीहरूको प्रणाली (टीएमएस) सहित दर्जनौं सरकारी विवरण होस्ट गरिएको एउटा निजी डेटा सेन्टरमा कथित र्यान्समवेयर आक्रमण हुनु र त्यसैका कारण देशको एक मात्र पुँजीबजार चलाउने नेपाल स्टक एक्सचेन्जको कारोबार दिनभर ठप्प हुनु आफैँमा एउटा लज्जास्पद परिदृश्य हो ।

एउटा निजी भेन्डरको प्राविधिक असफलताले सिङ्गो राष्ट्रको वित्तीय बजार नै दिनभर बन्धक बन्नुपर्ने यो विडम्बनापूर्ण यथार्थ पचाउन जोकसैलाई पनि साँच्चै गाह्रो पर्छ । उता सरकारी क्लाउड पोर्टल (पोर्टल.जिक्लाउड.गभ.एनपी)को सार्वजनिक एपीआईमा भएको अनधिकृत हस्तक्षेप र 'मिडनाइट अप्स नेपाल' समूहले जल तथा मौसम विज्ञान विभाग लगायतका प्रणालीमा खुला गरिदिएका छिद्रहरूले स्थितिलाई थप संशयपूर्ण बनाएका छन् । सामान्य वेबसाइटको रूप फेरिने स्तर नाघेर साइबर जोखिम अब राज्यको वित्तीय स्थायित्व र केन्द्रीय पूर्वाधारलाई नै हल्लाउन सक्ने संवेदनशील मोडमा आइपुगेको त होइन भन्ने आशंका यसैकारण स्वाभाविक बन्न पुगेको छ ।

### गोपनीयताको जोखिम र परनिर्भरता

प्रणालीमा देखिने यस्ता प्राविधिक छिद्र र सम्भावित घुसपैठले कम्प्युटर सर्भर वा प्राविधिक वृत्तलाई मात्र असर पार्दैनन्, अपितु यसको सिधा प्रहार आमनागरिकको दैनिक जीवन र सिङ्गो राज्य सञ्चालनको जगमाथि पर्न जान्छ। वित्तीय कारोबारका पासवर्ड वा पिन हराए केही मिनेटमै फेर्न सकिए पनि नागरिकता नम्बर, जन्ममिति वा औँठाछापजस्ता जैविक विवरण जीवनभर बदल्न नसकिने हुँदा यस्ता स्थायी सूचना अनधिकृत हातमा पुग्नु भनेको नागरिकलाई पहिचान दुरुपयोग, नक्कली खाता र सामाजिक इन्जिनियरिङमार्फत हुने वित्तीय ठगीको दीर्घकालीन जोखिममा धकेल्नु हो ।

यो व्यक्तिगत असुरक्षाभन्दा पर राज्यको बढ्दो प्रणालीगत परनिर्भरता अर्थात् कन्सन्ट्रेसन रिस्क अर्को विकराल चुनौती बनेर उभिएको छ । नागरिकता, राहदानी, सामाजिक सुरक्षा, कर र बैंकिङजस्ता अत्यावश्यक सेवालाई एउटै केन्द्रीय प्रणाली वा सीमित बाह्य भेन्डरसँग गाँस्दै लैजाँदा देखिने जोखिम कति भयावह हुन सक्छ भन्ने दृष्टान्त हालैका घटनाक्रमले छर्लंग पारिसकेका छन् । सञ्चारमाध्यमहरूमा सार्वजनिक विवरणअनुसार, फ्रान्सेली कम्पनी (पहिलेको आइडेमिया, हाल आइएन ग्रुप) सँग खरिद गरिएको राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली को बायोमेट्रिक क्षमता करिब २ करोड पुगेपछि उत्पन्न प्राविधिक चापका कारण राहदानी विभाग, आन्तरिक राजस्व, यातायात र बैंकिङसहित १६ भन्दा बढी निकायका प्रमाणीकरण सेवा हप्तौं अवरुद्ध हुन पुगेका थिए।

एकातिर पेन्सन, सामाजिक सुरक्षा र राहदानी लिन केन्द्रीय प्रणाली अनिवार्य गरिनु, अर्कोतिर त्यही एउटा विन्दुमा आउने प्राविधिक अवरोधले सिङ्गो सार्वजनिक संयन्त्र नै बन्धक बन्नुले सिङ्गल पोइन्ट अफ फेलियर कति महँगो साबित हुन्छ भन्ने प्रस्ट देखाउँछ। विदेशी भेन्डरमाथिको निरन्तर परनिर्भरता र आन्तरिक प्राविधिक पूर्वतयारीबिना सम्पूर्ण राज्य संयन्त्रलाई एउटै केन्द्रीय विन्दुमा निर्भर बनाउँदै लैजाने शासकीय रणनीतिमाथि अब गम्भीर नीतिगत समीक्षा अपरिहार्य भइसकेको छ ।

### कानुन बलियो, जवाफदेहिता शून्य

यति धेरै प्राविधिक र प्रणालीगत जोखिमहरूको चर्चा भइरहँदा नेपालमा डाटा सुरक्षासम्बन्धी कानुनी प्रबन्ध वा सरकारी संस्थाहरू नै छैनन् कि भन्ने भान पर्न सक्छ, तर यथार्थ त्यस्तो होइन। नेपालको संविधानको धारा २८ ले गोपनीयताको हकलाई मौलिक अधिकारकै रूपमा सुनिश्चित गरेको छ।

त्यसैगरी, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ ले सार्वजनिक निकायहरूलाई आफ्नो जिम्मामा रहेको व्यक्तिगत विवरण सुरक्षित राख्ने, अनधिकृत पहुँच रोक्ने र उपयुक्त प्राविधिक प्रबन्ध मिलाउने स्पष्ट कानुनी दायित्व तोकेको पाइन्छ। सोही ऐनको दफा २९ मा अनाधिकृत पहुँच र दुरुपयोगमा तीन वर्षसम्मको कैद सजाय, दफा ३१ मा पीडितलाई क्षतिपूर्ति र दफा ३२ मा लापरबाही गर्ने सार्वजनिक पदधारीमाथि विभागीय कारबाहीसम्मका व्यवस्थाहरू समेटिएका छन् ।

संस्थागत हिसाबले पनि राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना भएर साइबर एड्भाइजरी जारी गर्ने, भीएपीटी सेवा दिने र प्राविधिक पूर्वाधार विस्तारमा अग्रसर भएको देखिन्छ । उता सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालयले वर्षौंदेखि सरकारी प्रणालीहरूको सेक्युरिटी अडिट गर्दै आएको र सयौं प्रणाली परीक्षण भएको सरकारी विवरण नै छ। साथै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत डिजिटल गभर्नेन्स र साइबर सुरक्षा हेर्ने महाशाखासमेत क्रियाशील छ।

तर कानुनी दफाहरू र प्रशासनिक संरचनाहरूको यो उपस्थिति व्यवहारको धरातलमा कत्तिको खरो उत्रिन सकेको छ त भन्ने प्रश्न भने अनुत्तरित नै छ। प्रणालीगत कमजोरीका कारण नागरिकका विवरण बाहिरिएका वा जोखिममा परेका घटनाहरू सार्वजनिक हुँदा पनि कुन निकाय वा कुन सफ्टवेयर विकासकर्ताले त्यसको जिम्मेवारी लियो भन्ने सार्वजनिक जानकारी बिरलै आउने गर्छ ।

### प्रणालीगत समस्याको भित्री जरोः खरिद प्रक्रिया र सेक्युरिटी गेटको अभाव

नीति, कानुन र सरकारी निकायहरू क्रियाशील हुँदाहुँदै पनि हाम्रा डिजिटल प्रणालीहरूमा यस्ता कमजोरीहरू किन दोहोरिरहन्छन् भन्ने प्रश्नको उत्तर खोज्दा यसको सम्बन्ध सफ्टवेयर खरिद प्रक्रिया र त्यसको सञ्चालन पूर्वको तयारीसँग समेत जोडिन्छ कि भन्ने देखिन्छ। सार्वजनिक खरिद ऐनमा परामर्श सेवाका लागि गुणस्तर र लागतमा आधारित छनोट (क्वालिटी एन्ड कस्ट-बेस्ड सेलेक्सन) जस्ता विकल्पहरू नभएका होइनन्, तर व्यवहारमा धेरैजसो प्रणाली बनाउँदा दीर्घकालीन मर्मत, नियमित पेचिङ, डेटा इन्क्रिप्सन र सुरक्षा अद्यावधिकलाई खरिद सम्झौतामै प्राथमिक प्राविधिक सर्त बनाउने अभ्यास अझै पूर्ण रूपमा स्थापित हुन नसकेको गुनासो प्राविधिक वृत्तबाट उठ्ने गर्छ। डिजिटल प्रणालीलाई भौतिक पूर्वाधारजस्तो एकपटक निर्माण सम्पन्न भएपछि सकिने वस्तुका रूपमा हेर्ने पुरानो दृष्टिकोणले गर्दा यसको लाइफसाइकल सेक्युरिटी कतै ओझेलमा परिरहेको त छैन भन्ने संशय रहन्छ ।

अर्कोतर्फ, सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय र राष्ट्रिय साइबर सुरक्षा केन्द्रले भीएपीटी र अडिट गर्दै आएको भए पनि, नयाँ प्रणालीलाई नागरिकका लागि सार्वजनिक गर्नुअघि सबै सुरक्षा मापदण्ड पूरा भएको सुनिश्चित गर्ने सेक्युरिटी गेटकत्तिको कडा रूपमा लागू भइरहेको छ भन्ने पक्ष पनि विचारणीय छ। परीक्षण हुनु र त्यो परीक्षणबाट औंल्याइएका प्राविधिक कमजोरीहरूको पूर्ण समाधान तथा पुनःपरीक्षण भएपछि मात्र सेवा सञ्चालनमा ल्याइनु फरक कुरा हुन्। आर्थिक वर्षको अन्त्यमा बजेट सक्ने दबाब वा हतारमा सेवा शुभारम्भ गर्ने प्रशासनिक प्रतिस्पर्धाका कारण सुरक्षा परीक्षणलाई केवल औपचारिकतामा सीमित राखिँदा यस्ता प्राविधिक छिद्रहरू प्रणालीमै बाँकी रहन पुगेका त होइनन् भन्ने प्रश्नलाई सहजै नकार्न सकिँदैन।

### नीतिगत र व्यावहारिक सुधारका सम्भावनाहरू

कुनै प्रणालीमा समस्या देखिनासाथ तत्कालका लागि समाधान गर्ने तर त्यसको जरो नपहिल्याउने प्रवृत्तिबाट माथि नउठ्ने हो भने डिजिटल नेपालको जग कहिल्यै बलियो हुन नसक्ने नै देखिन्छ, झन् यो गतिशील युगमा। त्यसैले राज्यले अब केही स्पष्ट र दूरदर्शी नीतिगत कदम चाल्नुपर्ने बेला आएको छ।

त्यसमध्ये, सबैभन्दा पहिलो सुधार सार्वजनिक खरिद प्रक्रियाको ढाँचाबाटै सुरु हुनुपर्छ । सफ्टवेयर कुनै सडक वा पुलजस्तो एकपटक ठेक्का लगाएपछि सकिने विषय होइन, यो निरन्तर सेक्युरिटी अपडेट माग गर्ने प्रणाली हो । त्यसैले खरिद ऐनमा केवल सबैभन्दा सस्तो कबोल गर्नेलाई रोज्ने लोएस्ट वान परिपाटी त्यागेर क्वालिटी एन्ड कस्ट-बेस्ड सेलेक्सन अर्थात् गुणस्तर तथा लागतमा आधारित छनोट विधि अनिवार्य गरिनुपर्छ। सरकारी सफ्टवेयर खरिद गर्दा सेक्योर सफ्टवेयर डेभलपमेन्ट लाइफ साइकल, अनिवार्य इन्क्रिप्सन र लामो समयसम्मको टेक्निकल अपडेट लाई सुरुवाती सम्झौताकै अभिन्न अंग बनाइनु तर्कसङ्गत हुने देखिन्छ।

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | स्वास्थ्यमा केही बाधा उत्पन्न हुन सक्ने भएकाले खानपानमा ध्यान दिनुहोला । |
| वृष : | बुद्धिमत्ताको प्रयोग गरेर विद्यार्थीहरुले आफ्नो शैक्षिक क्षेत्रमा उत्कृष्ट नतिजा हासिल गर्नेछन् । |
| मिथुन : | पारिवारिक सुखसुविधाका सामाग्रीहरुमा केही धन खर्च हुन सक्नेछ। |
| कर्कट : | दाजुभाइ तथा इष्टमित्रबाट पूर्ण सहयोग मिल्नेछ । |
| सिंह : | स्वादिष्ट भोजनको स्वाद पाउने योग छ। |
| कन्या : | आजमनप्रशन्नरशरीरउर्जावानरहनेछ। |
| तुला : | अनावश्यक खर्च नियन्त्रण गर्न नसक्दा आर्थिक चुनौती महसुस हुन सक्छ। |
| वृश्चिक : | व्यवसायमा नयाँ सम्भावनाका ढोकाहरु खुल्नेछ। |
| धनु : | कार्यक्षेत्रमा उच्च पदस्थ व्यक्तिहरुको नजरमा तपाईको प्रशंसा हुनेछ । |
| मकर : | अध्यात्मतर्फको यात्रामा मन रमाउनेछ। |
| कुम्भः | लुकेका शत्रुहरुबाट सचेत रहँदै आफ्नो जिम्मेवारीमा मात्र ध्यान दिनु होला । |
| मीनः | दाम्पत्य जीवनमा आपसी समझदारी र प्रेम अझ प्रगाढ बन्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378



## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वेको समय तालिका

### जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# वीरगञ्जमा १५१ मिटर लामो चुनरी यात्रा



**टुडे समाचारदाता**

वीरगञ्ज । नेपालीहरूको महान् पर्व बडादसैँको पहिलो दिन घटस्थापनाको अवसरमा वीरगञ्जमा प्रसिद्ध शक्तिपीठ श्री गहवामाईको सम्मानमा १५१ मिटर लामो चुनरी यात्रा निकालिएको छ । महिला भक्तजनहरूको सहभागितामा निकालिएको उक्त चुनरी यात्राले वीरगञ्जको धार्मिक तथा सांस्कृतिक वातावरणलाई भक्तिमय बनाएको छ।

दसैँको पहिलो दिन आइतबार बिहानैदेखि वीरगञ्जस्थित गहवामाई मन्दिरमा दर्शनार्थी तथा श्रद्धालुहरूको बाक्लो घुइँचो लागेको थियो। गहवामाईप्रति आस्था र श्रद्धा प्रकट गर्दै महिला भक्तजनहरूले लामो चुनरीसहित यात्रा निकालेका हुन् । धार्मिक उत्साहका साथ निकालिएको चुनरी यात्राले दसैँको रौनक थप बढाएको छ।

चुनरी यात्रामा सहभागी महिला भक्तजनहरूले माता गहवामाईको जयजयकार गर्दै धार्मिक आस्था व्यक्त गरेका थिए। हिन्दु धर्ममा चुनरीलाई देवीप्रतिको श्रद्धा, समर्पण र भक्तिको प्रतीकका रूपमा लिने गरिन्छ। नवरात्रको पहिलो दिन निकालिएको यस यात्राले धार्मिक परम्परा र सांस्कृतिक पहिचानको संरक्षणमा समेत योगदान पुर्‍याएको छ। घटस्थापनाका अवसरमा गहवामाई मन्दिरमा बिहानैदेखि विशेष पूजाअर्चना गरिएको थियो। श्रद्धालुहरूले मन्दिरमा पुगेर माता भगवतीको दर्शन गर्नुका साथै सुख, शान्ति, समृद्धि तथा परिवारको कल्याणको कामना गरेका थिए। दसैँको पहिलो दिन घरघरमा जमरा राख्ने, कलश स्थापना गर्ने र दुर्गा भवानीको पूजा आराधना गर्ने परम्पराअनुसार विभिन्न स्थानमा धार्मिक गतिविधि सञ्चालन भएका छन् ।

वीरगञ्ज मधेस प्रदेशको प्रमुख धार्मिक तथा सांस्कृतिक केन्द्रमध्ये एक भएकाले दसैँका अवसरमा यहाँका मन्दिर तथा शक्तिपीठहरूमा भक्तजनहरूको चहलपहल बढ्ने गरेको छ। गहवामाई मन्दिरमा वीरगञ्जसहित आसपासका क्षेत्र तथा छिमेकी मुलुक भारतबाट समेत श्रद्धालुहरू दर्शनका लागि आउने गरेका छन् ।

दसैँको सुरुवातसँगै वीरगञ्जमा निकालिएको १५१ मिटर लामो चुनरी यात्राले धार्मिक आस्था, महिला सहभागिता र सांस्कृतिक एकताको सन्देश दिएको छ। नवरात्रभर गहवामाई मन्दिरमा विशेष पूजाआजा तथा धार्मिक अनुष्ठान जारी रहने भएकाले आगामी दिनमा पनि मन्दिरमा भक्तजनहरूको चहलपहल बढ्ने अपेक्षा गरिएको छ।

# मिथिलामा बढ्यो 'दशहरा'को चहलपहल



महोत्तरी । चन्द्रमासले आज असोज शुक्लपक्षको प्रतिपदा तिथि । नेपालीको राष्ट्रिय चाड दसैँ आज सुरु हुँदैछ । महोत्तरीसहितका मिथिला क्षेत्रमा दशहरा (शारदीय नवरात्र) भनिने यो पर्वले जताततै चहलपहल बढाएको छ।

आइतबार शारदीय नवरात्र (दशहरा)को घटस्थापना विधिका लागि देवी शक्तिपीठ, दुर्गा प्रतिमा निर्माणस्थल र घरघरैजसो देवी आराधनाका मङ्गलधून मिथिला क्षेत्रमा बज्न थालेका छन्। मैथिल जनबोलीमा 'दशहरा' भनिने बडादसैँ पर्वको पहिलो दिन नै मिथिला क्षेत्रमा देवी दुर्गाका महिमा गानका भजन गुञ्जन थालेका छन्।

देवी दुर्गाको आराधना गरिने मिथिलामा दुई नवरात्र प्रचलनमा छन् । असोज शुक्ल प्रतिपदादेखि नवमीसम्मको नवरात्रलाई शारदीय र चैत शुक्ल प्रतिपदादेखि नवमीसम्मलाई वासन्ती नवरात्र भनिने गरिएको छ। वर्षमा दुई नवरात्रको परम्परा भए पनि मिथिला क्षेत्रमा 'दशहरा' शारदीय नवरात्रलाई नै भनिने गरिएको मैथिली संस्कृतिविद् जलेश्वर-५ पतैलीका बासिन्दा अवकासप्राप्त सहप्राध्यापक ध्रुव राय बताउनुहुन्छ।

शारदीय नवरात्रको पहिलो दिन आज आइतबार मिथिला क्षेत्रका प्रसिद्ध देवी शक्तिपीठ र मन्दिरमा दशहारा पर्वको घटस्थापना गर्न एकाबिहानैदेखि पवित्र जलाशयबाट जल ल्याउन कलशयात्राको तयारी छ। कन्या कुमारीहरू (अविवाहित किशोरी)ले आज धार्मिक महत्वका नदी र तलाउबाट नयाँ घडामा भरेर ल्याएका पूर्ण कलशको जलले देवी प्रतिमा र मन्दिर परिसर सिञ्चित गर्दै सोही जलको कलश स्थापना गरेर घटस्थापना विधि सम्पन्न गरिने मिथिला परम्परा छ।

यस क्रममा महोत्तरीका प्रसिद्ध देवी शक्तिपीठ औरही-७ भोइलस्थित सोनासती (सोनामाई) स्थान, बर्दिबास-४ स्थित पञ्चधुरा माईस्थान, जलेश्वर-१ स्थित सन्सारी माई र राजदेवी मन्दिरमा एक हजार आठ कन्याले रातु नदी र लक्ष्मीसागर, पुरन्दर, वरुण, ध्रुवकुण्ड एवं भार्गवसरलगायतका धार्मिक महत्वका तलाउबाट नयाँ शुद्ध घडामा भरेका पवित्र जल कलशयात्रासहित मन्दिर परिसरमा पुर्याउँदैछन्। सामान्यतया नवरात्र प्रतिपदादेखि नवमीसम्म नौ दिन हुने भए पनि यसपालि तिथिको घटबढले १० दिनको छ। आज सुरु नवरात्र आउने कात्तिक ३ गते मङ्गलबारसम्म रहने मिथिला पञ्चाङ्ग र विद्यापति पञ्चाङ्गमा उल्लेख छ । मिथिला क्षेत्रमा मिथिला पञ्चाङ्ग र विद्यापति पञ्चाङ्गकै आधारमा चाडपर्व, लग्न र मुहूर्त पहिल्याउने चलन छ।

यसबाहेक पर्वविशेषमा यस क्षेत्रका विभिन्न ठाउँमा बनाइएका देवी प्रतिमास्थलमा पनि आज कलशयात्रासँगै घटस्थापना सम्पन्न गरिँदै छ। आजै मन्दिरमा जौँ, तिल, गहुँ, धान, मकैसहितको जमरा राखिने छ । महोत्तरीमा नवरात्रको दुर्गामेला ४० ठाउँमा आयोजित छन्। जसमा सोनामाई, जलेश्वर, मटिहानी, रामगोपालपुर, गौशाला र सीतापुरबजारका विशेष मानिन्छन्।

पर्वका अवसरमा मिथिलाका गाउँ/नगर बस्तीका कैयौँ ठाउँमा देवी प्रतिमा बनाइएका छन् । खासमा मधेस प्रदेशका मिथिला क्षेत्रमा महोत्तरीका पञ्चधुरा माई, सोनामाई, सप्तरी जिल्लाका सकरा भगवती, कङ्कालिनी माई, छिन्नमस्ता, जनकपुरस्थित राजदेवी मन्दिर (परापूर्वमा राजा जनकले पूजापाठ गर्ने कूलदेवी मानिएको) र बारा जिल्लाको गढीमाई मन्दिर प्रसिद्ध शक्तिपीठका रूपमा पूजित छन्।

मैथिल हिन्दू परम्परामा घरघरै देवी दुर्गाको पूजाअर्चना गरिने र चण्डी पाठ गरिने परम्परा छ। दशहरा प्रारम्भसँगै महोत्तरीका गाउँ/नगर बस्तीमा धमाधम लिङ्गे पिङ गाड्ने तयारीमा युवापुस्ता लागेका छन् । दशहरा पर्वमा 'दुर्गा मेला' आयोजन गरिने मैथिल परम्परा छ । यसअनुसार बस्तीबस्तीमा देवी दुर्गाका प्रतिमा बनाइएर उत्सवमय रूपमा 'दुर्गा मेला'को आयोजना गरिँदै छ । नवरात्र अवधिमा क्रमशः देवी दुर्गाका नौ रूप शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुश्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिदात्रीको आराधना क्रमशः प्रतिपदा (घटस्थापना)का दिनदेखि नवमीसम्म गरिन्छ । दशमीका दिन देवी पूजन विसर्जन गरेर प्रसादस्वरुप जमरा लगाएर मैथिल परम्पराको शारदीय नवरात्र सम्पन्न गरिन्छ।

पर्वका अवसरमा महोत्तरीमा सुरक्षा प्रबन्धका लागि जिल्ला सुरक्षा समितिले एकीकृत सुरक्षा योजना लागू गरेको छ । यसअन्तर्गत नेपाल प्रहरी र सशस्त्र प्रहरीसहित एक हजार ३३१ सुरक्षाकर्मी परिचालित गरिएको जिल्ला सुरक्षा समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिनुभएको छ।

असत्यमाथि सत्यको विजयको प्रतीक मानिने यसै पर्वअवधिमा देवी दुर्गाले चण्ड-मुण्ड, शुम्भ-निशुम्भ र महिषासुरसहितका राक्षसको संहार गर्नुभएको देवीभागवतमा वर्णित छ। यस अवधिमा देवी दुर्गाको उपासनाले मन, वचन र कर्ममा शुद्धता आउने र सधैँ सत्कर्म, सद्विचार र सद्आचरणमा प्रवृत हुइने हिन्दू मैथिल जनविश्वास छ। रासस

# गाँजासहित एकजना पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज। बारा प्रहरीले जिल्लाको पचरौता नगरपालिकाबाट ५५ किलो गाँजासहित एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा पचरौता नगरपालिका-३ रामनगर टोल निवासी अन्दाजी ४५ वर्षीय राजकिशोर प्रसाद यादव रहेका छन्।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट खटिएको प्रहरी गस्ती टोलीले शनिबार राति पचरौता नगरपालिका-६ मा गस्ती गर्ने क्रममा यादवलाई जाँच गरेको थियो। सोही क्रममा उनको साथबाट ५५ किलो गाँजा बरामद भएपछि उनलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

गाँजासहित पक्राउ परेका यादवमाथि इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मीनबहादुर घलेले जानकारी दिएका छन्।

# जनकपुरधाममा खुल्यो 'याडिया' स्कूटरको शोरुम




**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधाममा अन्तराष्ट्रिय स्तरको विद्युतीय स्कुटर 'याडिया'को आधिकारिक शोरूम सञ्चालनमा आएको छ । याडिया ब्रान्डका विद्युतीय स्कुटर बिक्री गर्ने उद्देश्यले जनकपुरधामको थापा चौकमा नारायणी इलेक्ट्रिक ग्रीन अटो इण्डिस्ट्रीजले सञ्चालनमा ल्याएका हुन्।

मधेश प्रदेश सभाका सभामुख रामआशिष यादव र जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले एक कार्यक्रमका बीच उद्घाटन गरेका हुन्।

मौद्रिक नीतिका कारण पछिल्लो समय स्वदेशमै लगानी गर्ने वातावरण बढेको सभामुख यादवले बताए। यसले अर्थतन्त्रलाई चलायमान बनाउन नयाँ लगानीहरुले सघाउने विश्वास लिएका छौँ', उनले भने।

उक्त शो रुममा याडिया ब्रान्डका विभिन्न मोडलका स्कुटर ल्याएको छ । जसको मूल्य २ लाख ५ हजारदेखि ६ लाख ६० हजार रुपैयासम्म रहेको जनाइएको छ।

पछिल्लो समय विद्युतीय सवारीसाधनमा ग्राहकको आकर्षण बढेकाले आफूहरुले विद्युतीय स्कुटरको व्यवसाय गर्न लागेको शो रुमकी सञ्चालिका सुमन नेवकटियाले बताएकी छिन्।

उक्त शो रुममा याडिया कम्पनीका जीएस ७०, जी टी ७०, जीटी ८०, किनिज्क भेलक्स लगायतका विभिन्न मोडलका स्कूटर र मोटरसाइकल हाल उपलब्ध रहेको सञ्चालिका सुमनले बताईन । फाइनान्स र इएमआई समेतको व्यवस्था रहेको जनाइएको छ।

# प्रहरी दिवसको अवसरमा सरसफाइ

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल प्रहरीको ७१ औँ प्रहरी दिवसको अवसरमा दसैँ पर्वलाई मध्यनजर गर्दै पर्साको बिन्दवासिनी मन्दिर परिसरमा सरसफाइ कार्यक्रम सम्पन्न गरिएको छ। नेपाल प्रहरी र एलाइड युथ सोसाइटीको आयोजनामा तथा सशस्त्र प्रहरी बल नेपाल, १३ नम्बर गणको सहकार्यमा उक्त सरसफाइ कार्यक्रम सञ्चालन गरिएको हो।

दसैँ पर्वका अवसरमा मन्दिरमा दर्शन तथा पूजापाठ गर्न आउने श्रद्धालु भक्तजनको चाप बढ्ने भएकाले मन्दिर परिसरलाई सफा, स्वच्छ र व्यवस्थित बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले जनाएको छ। धार्मिक स्थलको सरसफाइ तथा स्वच्छता कायम राख्नुका साथै सामाजिक उत्तरदायित्वप्रति नागरिकलाई जागरूक बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो।



एलाइड युथ सोसाइटीका संस्थापक अध्यक्ष ओमकुमार झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पोखरीया प्रहरीका प्रहरी निरीक्षक भानुभक्त अर्यालको विशेष उपस्थिति रहेको थियो। कार्यक्रममा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, १३ नम्बर गण तथा एलाइड युथ सोसाइटीसँग आबद्ध व्यक्तिहरूको सहभागिता रहेको थियो।

सरसफाइ अभियानअन्तर्गत मन्दिर परिसरलाई स्वच्छ र सफा राख्न सरसफाइका गतिविधि सञ्चालन गरिएको थियो। चाडपर्वका बेला धार्मिक स्थलहरूमा बढ्ने भीडभाडलाई ध्यानमा राख्दै सरसफाइ र स्वच्छताको महत्त्वलाई प्राथमिकता दिइएको थियो।

प्रहरी दिवसको अवसरमा आयोजित यस कार्यक्रमले प्रहरी संगठनको नियमित कार्यसम्पादनसँगै समुदायसँगको सहकार्य, सामाजिक सेवाभाव र सार्वजनिक स्थलको संरक्षणमा समेत जोड दिएको छ। यस्ता कार्यक्रमले धार्मिक तथा सार्वजनिक स्थलको सरसफाइमा नागरिकको सहभागिता बढाउन र स्वच्छ वातावरण निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

नेपाल प्रहरीको ७१औँ प्रहरी दिवसको अवसरमा सञ्चालन गरिएको यस अभियानले चाडपर्वका समयमा।

# मैत्री पुल नजिकै लागू औषधसहित तीन पक्राउ

**टुडे समाचारदाता**

बीरगञ्ज । नेपाल भारत सिमा नाकामा ठूलो मात्रामा लागू औषध बरामद गरिएको छ। सीमामा खटेको भारतीय एसएसबीले महेन्द्र गाडीबाट ठूलो मात्रामा लागू औषध सहित तिन भारतीयलाई पक्राउ गरेको हो। भारतीय एसएसबीले ३६५ एम्पुल प्रतिबन्धित नशालु इन्जेक्सन महिन्द्राबाट चेक जाँच गर्ने क्रममा बरामद गरेको छ। लागू औषध सहित पूर्वी चम्पारण जिल्ला, बनजरिया थाना क्षेत्रका तीन जनालाई पक्राउ गरिएको भारतीय एसएसबीले जनाएको छ।

भारतबाट नेपाल प्रवेश पगर्न लागेको महिन्द्रा कम्पनीको एक्सवाईएल (ह्थीइ-भ४) कारमा प्रतिबन्धित नशालु इन्जेक्सन रहेको गोप्य सूचनाको आधारमा उक्त लागू औषध बरामद गरिएको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ। रक्सौलका अनुमण्डल प्रहरी पदाधिकारीको नेतृत्वमा एसएसबी सहितको विशेष टोली गठन गरिएको थियो।

भारतीय नम्बर प्लेटको डीएल४सीएनबी४६३६ नम्बरको महिन्द्रा कारको पछाडिको सिटमुनि बनाइएको गोप्य स्थानबाट दुईवटा सेतो कार्टुनमा राखिएका ३६५ एम्पुल नशालु इन्जेक्सन बरामद गरेको हो।

## क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

**जिल्ला बारा, पर्सौनी गाउँपालिका वार्ड नं.२ मा निर्माण तथा संचालन गर्न लागिएको अपुर्वा प्लाई इण्डष्ट्रिज प्रा.लि.को वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशन मिति २०८३/०६/२६)**

मधेश प्रदेश, बारा जिल्ला, पर्सौनी गाउँपालिका, वार्ड नं.२ को लागिएको अपुर्वा प्लाई इण्डष्ट्रिज प्रा.लि.द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | नामः-अपुर्वा प्लाई इण्डष्ट्रिज प्रा.लि.<br>ठेगानाः- पर्सौनी गाउँपालिका वार्ड नं.२,पर्सौनी,बारा<br>सम्पर्क नंः-९८०१५२२२५१<br>इमेल :- apurvaply862@gmail.com |
| प्रस्तावको ब्यहोरा : | पर्सौनी गाउँपालिका वार्ड नं.२ को किता नं. ५०७, ४११, ४१२, ३९४, २४९, २५०, २५१ र २५२ क्षेत्रफलमा २-१५-१९-२ (बिघा-कठ्ठा-धुर-कनवा) भएको जग्गा र सो मा निर्माण भई संचालन हुने अपुर्वा प्लाई इण्डष्ट्रिज प्रा.लि.को लागि वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को क्षेत्र निर्धारण सम्बन्धी प्रतिवेदन तयारी गर्ने कार्य। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पाः | बारा जिल्ला, पर्सौनी गाउँपालिका |

माथी उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| सम्बन्धित कार्यालयः | घरेलु तथा साना उद्योग कार्यालय,कलैया,बारा।<br>सम्पर्क नं.९८५५०४९१४२<br>ईमेलः csiobara145@gmail.com |
| सम्बन्धित वडा कार्यालय | पर्सौनी गाउँपालिका,<br>२ नं. वडाको कार्यालय |
| प्रस्तावकको नाम र ठेगानाः | नामः- . अपुर्वा प्लाई इण्डष्ट्रिज प्रा.लि.उधोग<br>ठेगानाः- पर्सौनी गाउँपालिका,पर्सौनी<br>२ नं. वडाको कार्यालय, बारा<br>सम्पर्क नंः- ९८०१५२२२५१<br>इमेलः- apurvaply862@gmail.com |
| परामर्शदाताको नाम र ठेगानाः | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, पर्सा।<br>सम्पर्क व्यक्तिः शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेलः shambhuprasadchaurasia@gmail.com |

## श्री आधारभूत विद्यालय खजनपुर
### गाउँपालिका औरही-३
### जिल्ला सिरहा (मधेश प्रदेश) नेपाल

## शिक्षक आवश्कता सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति :२०८३।०६।२६**

यस विद्यालयको रिक्त रहेको प्रा.शि.तृ.राहत अनुदान कोटाको पदपूर्तिको लागि गाउँ कार्यपालिकाको कार्यालय औरही, सिरहाको मिति २०८३।०६।१२ को च.नं. २८४ को विज्ञापन अनुमति पत्र तथा यस विद्यालयको वि.व्य.स.को मिति २०८३।०६।२५ को निर्णय बमोजिम शिक्षक सेवा आयोगको करार सूचीमा सिफारिस भएका मध्येबाट पदपूर्ति गर्नु पर्ने भएकोले इच्छुक उम्मेदवारहरुको लागि करार सूचीको विज्ञापन प्रकाशन गरिएको व्यहोरा अनुरोध छ। साथै म्याद नाघी आएको र रित्त नपुगेको आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | तह | नियुक्तिको किसिम | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | १/२०८३।०८४ | प्रा.शि. तृतीय राहत अनुदान | शिक्षक सेवा आयोगको करार सूचीमा सिफारिस भएको | १ (एक) | शिक्षक सेवा आयोगले तोकेको बमोजिम |

**आवेदन दस्तुर** रु. १,०००।- (अक्षरेपी एक हजार मात्र)
**दरखास्त दिने मिति** : २०८३।०६।२६ गते देखि २०८३।०७।०१ गते सम्म कार्यालय समय भित्र।
**सम्पर्क मिति** : २०८३।०७।०२ गते
**उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
**दरखास्त दिने स्थान** : श्री आधारभूत विद्यालय खजनपुर औरही-३, सिरहा

**आवश्यक कागजातहरू :-**
- हस्त लिखित निवेदन पत्र।
- नेपाली नागरिकताको आफैले प्रमाणित गरेको प्रतिलिपि।
- शैक्षिक योग्यता र तालिमको आफैले प्रमाणित गरेको प्रतिलिपि।
- अध्यापन अनुमति पत्रको आफैले प्रमाणित गरेको प्रतिलिपि।
- हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो।
- निरोगिता प्रमाण पत्रको प्रतिलिपि।
- शिक्षक सेवा आयोगको करार सूचीमा सिफारिस भएका करार सूचीको विवरण स्पष्ट प्रतिलिपि।
- म्याद नाधि आएको तथा रित्त नपुगेको आवेदन स्वीकृत हुने छैन।

**नोट :-**
(१) विज्ञापन वापत लाग्ने दस्तुर यस विद्यालयको नामबाट संचालनमा रहेको एन.एम.बी. बैंकको च.हि.नं. ११२००७२८६४८०००११ सो को सकलै भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ।
(२) विज्ञापन सम्वन्धि थप जानकारीका लागि सम्पर्क नं.हरु : ९८१९७७७७५१, ९७०४६०८२५०, ९८२६७३७५३७

**प्रधानाध्यापक**

## ॥ भावपूर्ण श्रद्धाञ्जली ॥



"जन्म र मृत्यु जीवनको अटुट यात्रा हो, तर सत्कर्म र स्मृतिहरु सधैं अमर रहन्छन्।"

जन्म मितिः पौष १८, २०१२

दिवंगत मितिः भाद्र २८, २०८३

त्रिभुवन विश्वविद्यालय,
रामसागर रामस्वरुप बहुमुखी क्याम्पस,
जनकपुरधाम उपमहानगरपालिकाका पूर्व सहायक क्याम्पस प्रमुख
तथा गणित विभागका विभागीय प्रमुख एवं प्राध्यापक

**प्रा.डा. राम विनोद चौधरी**

असामयिक निधन हुन गएकोमा हामी मर्माहत भएका छौं।

**30औं दिनको पुण्य तिथीमा**

दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

# मधेशमा कांग्रेसको साख फर्किन्छमा नयाँ नेतृत्वको चुनौती

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कांग्रेसको १५औँ महाधिवेशनबाट गगन थापा सभापतिमा निर्वाचित भएपछि पार्टीभित्र नयाँ नेतृत्व र पुस्तान्तरणको बहसले गति लिएको छ।

यसको प्रभाव ऐतिहासिक रूपमा कांग्रेसको बलियो आधार मानिएको मधेस प्रदेशमा पनि देखिन थालेको छ। तर, युवामा बढ्दो उत्साहलाई चुनावी मतमा रूपान्तरण गर्नु कांग्रेसका लागि सहज भने देखिँदैन।

लामो समय मधेसको राजनीतिमा सक्रिय रहेका नेताहरूका अनुसार कांग्रेसको वर्तमान संकटको मुख्य कारण मधेसका मुद्दाप्रतिको कमजोर पकड, स्थानीय संगठनको क्षयीकरण र पार्टीभित्रको गुटगत राजनीति हो। नयाँ नेतृत्वले यी समस्यालाई सम्बोधन गर्न सके मात्रै मधेसमा कांग्रेसको पुरानो प्रभाव फर्कन सक्ने उनीहरूको विश्लेषण छ।

कांग्रेसको राजनीतिपछि मधेसकेन्द्रित दल हुँदै हाल स्वतन्त्र रहेका खुसीलाल मण्डल मधेससँग कांग्रेसको सम्बन्ध विगतमा निकै बलियो रहेको स्मरण गर्छन्। उनका अनुसार कुनै समय मधेस र कांग्रेस एकअर्काका पर्यायजस्तै थिए। अहिले भने मधेसको समर्थन कमजोर हुँदा कांग्रेसको राजनीतिक शक्ति पनि खुम्चिएको छ।

कांग्रेसका शीर्ष नेताहरूले लामो समय मधेसलाई आफ्नो प्रमुख राजनीतिक आधार बनाएका थिए। बीपी कोइरालादेखि कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र सुशील कोइरालासम्मका नेताहरूको राजनीतिक यात्रामा मधेसको महत्त्वपूर्ण भूमिका थियो। तर, बदलिँदो राजनीतिक परिस्थितिसँगै पार्टीले यस क्षेत्रमा आफ्नो पुरानो जनाधार कायम राख्न सकेन।

**मधेसका मुद्दा र स्थानीय संगठन मुख्य चुनौती**

कांग्रेसका पूर्वनेता जेपी गुप्ताका अनुसार मधेसमा पार्टी कमजोर हुनुको प्रमुख कारण यहाँका जनताको अपेक्षा र सरोकारलाई समेट्ने स्पष्ट राजनीतिक एजेन्डाको अभाव हो। विगतमा गाउँदेखि जिल्लासम्म प्रभावशाली नेता तथा सक्रिय संगठन रहेको कांग्रेस अहिले त्यो अवस्थामा नरहेको उनको भनाइ छ।

गुप्ताका अनुसार पुराना नेताहरूको स्थानीय प्रभाव घट्दै जानु र संगठनमा उनीहरूको सक्रियता




कमजोर हुनु पनि पार्टीको जनाधार खस्किनुको कारण हो। उनका विचारमा सामाजिक सञ्जाल र सञ्चारमाध्यममा देखिएको युवा आकर्षण सकारात्मक संकेत भए पनि त्यसले निर्वाचनमा कस्तो परिणाम दिन्छ भन्ने कुरा अहिले नै निश्चित गर्न सकिँदैन।

सिरहाका बुद्धिजीवी डा. महादेव साह पनि कांग्रेसभित्रको पुस्तागत दूरी र आन्तरिक अन्योललाई समस्याका रूपमा औँल्याउँछन्। उनका अनुसार पुराना पुस्ताका धेरै नेता अझै पार्टीमा रहे पनि सक्रिय राजनीतिमा उनीहरूको भूमिका कमजोर छ। नयाँ पुस्ताका कतिपय सदस्य अन्य दलतर्फ आकर्षित भएका छन्।

साहका अनुसार पार्टीभित्रको नेतृत्वसम्बन्धी विवाद र गुटगत विभाजनले समेत नेता-कार्यकर्तामा अन्योल बढाएको छ। गगन थापाप्रति युवाको आकर्षण देखिए पनि पुराना पुस्ताका कतिपय नेताहरूको झुकाव पूर्वसभापति शेरबहादुर देउवातर्फै रहेको उनको बुझाइ छ।

**चुनावी परिणामले देखाएको कमजोर अवस्था**

मधेसमा कांग्रेसको घट्दो प्रभाव निर्वाचन परिणाममा समेत देखिएको छ। प्रस्तुत विवरणअनुसार पछिल्लो फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा मधेस प्रदेशका ३२ प्रत्यक्ष निर्वाचन क्षेत्रमध्ये कांग्रेसले एउटा क्षेत्रमा मात्रै जित हासिल गरेको थियो।

कुनै समय मधेसको समर्थनकै बलमा राष्ट्रिय राजनीतिमा प्रभावशाली बनेको कांग्रेसका लागि यो परिणाम ठूलो धक्का हो। २०४८ सालपछिका विभिन्न निर्वाचनमा मधेसले पार्टीलाई राष्ट्रिय सत्तासम्म पुग्न महत्त्वपूर्ण सहयोग गरेको थियो।

तर, २०५२ सालदेखि सुरु भएको माओवादी सशस्त्र द्वन्द्व र त्यसपछिको राजनीतिक परिवर्तनले कांग्रेसको परम्परागत जनाधारमा असर पार्‍यो। २०६३-०६४ को मधेस आन्दोलनपछि मधेसकेन्द्रित दलहरूको उदयले कांग्रेसको राजनीतिक स्थान थप चुनौतीपूर्ण बनायो। त्यसपछिका संविधानसभा निर्वाचनमा पनि पार्टीले यस क्षेत्रमा आफ्नो प्रभाव जोगाउन संघर्ष गर्नुपरेको थियो।

२०७४ सालको निर्वाचनमा मधेसकेन्द्रित दलहरूको प्रभाव कमजोर हुँदै जाँदा कांग्रेसले पुनरागमनको सम्भावना देखेको थियो। तर, पछिल्लो जेनजी आन्दोलनले पुराना राजनीतिक दलप्रतिको जनधारणा र मतदाताको प्राथमिकतामा फेरबदल ल्यायो। त्यसको असर कांग्रेसमा पनि पर्‍यो। उपलब्ध विवरणअनुसार सभापति थापा स्वयं सर्लाहीबाट प्रतिनिधिसभा निर्वाचनमा पराजित भएका थिए।

**महाधिवेशनले जगाएको नयाँ अपेक्षा**

१५औँ महाधिवेशनपछि कांग्रेसमा युवा नेतृत्वको उदयले मधेसका कार्यकर्ता र समर्थकमा नयाँ आशा जगाएको छ। थापाको नेतृत्वले पार्टीको छवि परिवर्तन गर्न, युवालाई आकर्षित गर्न र संगठनलाई पुनः सक्रिय बनाउन सक्ने अपेक्षा गरिएको छ।

पर्साका कानुन व्यवसायी वीरेन्द्र यादव कांग्रेसको ऐतिहासिक आधार मधेसमा अझै पूर्ण रूपमा समाप्त नभएको बताउँछन्। जेनजी आन्दोलनपछि पार्टी कमजोर देखिए पनि उपयुक्त नेतृत्व र संगठनात्मक सक्रियतामार्फत कांग्रेस पुनः बलियो बन्न सक्ने उनको विश्वास छ।

यादवले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को स्थानीय संगठन अझै पर्याप्त रूपमा विस्तार नभएको तर्क गर्दै त्यसलाई दीर्घकालीन राजनीतिक विकल्पका रूपमा हेर्न नहुने धारणा राख्छन्। उनका अनुसार नयाँ राजनीतिक शक्तिको उदयले परम्परागत दललाई चुनौती दिए पनि कांग्रेससँग आफ्नो संगठन र ऐतिहासिक सम्बन्धका आधारमा पुनः स्थापित हुने अवसर छ।

यद्यपि, रास्वपा वा अन्य दलको भविष्यबारे अहिले नै निश्चित निष्कर्ष निकाल्न सकिँदैन। मतदाताको बदलिँदो मनोविज्ञान, स्थानीय नेतृत्वको प्रभाव र संगठन विस्तारले आगामी राजनीतिक प्रतिस्पर्धाको दिशा निर्धारण गर्नेछन्।

**पुनरागमनका लागि नेतृत्व परिवर्तन मात्रै पर्याप्त छैन**

मधेस प्रदेशमा कांग्रेसकै नेतृत्वमा सरकार रहनु र पार्टीको ऐतिहासिक संगठनात्मक आधार कायम हुनु उसका लागि अवसरका रूपमा हेरिएको छ। तर, प्रदेश सरकारको नेतृत्वमा रहनु र प्रतिनिधिसभा निर्वाचनमा बलियो जनसमर्थन प्राप्त गर्नु फरक विषय हुन्। पछिल्लो चुनावी परिणामले यही अन्तरलाई उजागर गरेको छ।

गगन थापाको नेतृत्वमा कांग्रेसले मधेसका मुद्दालाई कत्तिको प्राथमिकता दिन्छ, पुराना नेताहरूलाई संगठनमा कसरी सक्रिय बनाउँछ र युवालाई निर्णय प्रक्रियामा कति स्थान दिन्छ भन्ने कुराले पार्टीको भविष्य निर्धारण गर्नेछ।

त्यसैगरी, आन्तरिक गुटबन्दी अन्त्य गर्ने, स्थानीय तहमा प्रभावशाली नेतृत्व विकास गर्ने र मतदाताको विश्वास पुनः प्राप्त गर्ने काम पनि उत्तिकै महत्त्वपूर्ण हुनेछ।

महाधिवेशनपछि देखिएको उत्साह कांग्रेसका लागि अवसर अवश्य हो। तर, त्यसलाई दिगो राजनीतिक शक्तिमा बदल्न नेतृत्व परिवर्तनसँगै नीति, संगठन र कार्यशैलीमा समेत परिवर्तन आवश्यक देखिन्छ। मधेसमा कांग्रेसको पुनरागमन सम्भव छ कि छैन भन्ने प्रश्नको जवाफ आगामी दिनमा पार्टीले गर्ने काम र मतदाताले दिने प्रतिक्रियाले तय गर्नेछ।

# वीरगञ्जमा १५१ मिटर लामो चुनरी यात्रा



टुडे समाचारदाता

वीरगञ्ज । नेपालीहरूको महान् पर्व बडादसैँको पहिलो दिन घटस्थापनाको अवसरमा वीरगञ्जमा प्रसिद्ध शक्तिपीठ श्री गहवामाईको सम्मानमा १५१ मिटर लामो चुनरी यात्रा निकालिएको छ। महिला भक्तजनहरूको सहभागितामा निकालिएको उक्त चुनरी यात्राले वीरगञ्जको धार्मिक तथा सांस्कृतिक वातावरणलाई भक्तिमय बनाएको छ।

दसैँको पहिलो दिन आइतबार बिहानैदेखि वीरगञ्जस्थित गहवामाई मन्दिरमा दर्शनार्थी तथा श्रद्धालुहरूको बाक्लो घुइँचो लागेको थियो। गहवामाईप्रति आस्था र श्रद्धा प्रकट गर्दै महिला भक्तजनहरूले लामो चुनरीसहित यात्रा निकालेका हुन्। धार्मिक उत्साहका साथ निकालिएको चुनरी यात्राले दसैँको रौनक थप बढाएको छ।

चुनरी यात्रामा सहभागी महिला भक्तजनहरूले माता गहवामाईको जयजयकार गर्दै धार्मिक आस्था व्यक्त गरेका थिए। हिन्दु धर्ममा चुनरीलाई देवीप्रतिको श्रद्धा, समर्पण र भक्तिको प्रतीकका रूपमा लिने गरिन्छ। नवरात्रको पहिलो दिन निकालिएको यस यात्राले धार्मिक परम्परा र सांस्कृतिक पहिचानको संरक्षणमा समेत योगदान पुर्‍याएको छ।

घटस्थापनाका अवसरमा गहवामाई मन्दिरमा बिहानैदेखि विशेष पूजाअर्चना गरिएको थियो। श्रद्धालुहरूले मन्दिरमा पुगेर माता भगवतीको दर्शन गर्नुका साथै सुख, शान्ति, समृद्धि तथा परिवारको कल्याणको कामना गरेका थिए। दसैँको पहिलो दिन घरघरमा जमरा राख्ने, कलश स्थापना गर्ने र दुर्गा भवानीको पूजा आराधना गर्ने परम्पराअनुसार विभिन्न स्थानमा धार्मिक गतिविधि सञ्चालन भएका छन्।

वीरगञ्ज मधेस प्रदेशको प्रमुख धार्मिक तथा सांस्कृतिक केन्द्रमध्ये एक भएकाले दसैँका अवसरमा यहाँका मन्दिर तथा शक्तिपीठहरूमा भक्तजनहरूको चहलपहल बढ्ने गरेको छ। गहवामाई मन्दिरमा वीरगञ्जसहित आसपासका क्षेत्र तथा छिमेकी मुलुक भारतबाट समेत श्रद्धालुहरू दर्शनका लागि आउने गरेका छन्।

दसैँको सुरुवातसँगै वीरगञ्जमा निकालिएको १५१ मिटर लामो चुनरी यात्राले धार्मिक आस्था, महिला सहभागिता र सांस्कृतिक एकताको सन्देश दिएको छ। नवरात्रभर गहवामाई मन्दिरमा विशेष पूजाआजा तथा धार्मिक अनुष्ठान जारी रहने भएकाले आगामी दिनमा पनि मन्दिरमा भक्तजनहरूको चहलपहल बढ्ने अपेक्षा गरिएको छ।

# मधेशी दलको कार्यशैलीमाथि युवाहरुले उठाए प्रश्न

टुडे समाचारदाता

जनकपुरधाम । मधेसी राजनीतिक दल र नेतृत्वको कार्यशैलीमाथि मधेसका युवाहरूले प्रश्न उठाएका छन्। शहीद संजय चौधरी स्मृति प्रतिष्ठानद्वारा 'मधेसः अबको बाटो' भन्ने आयोजित संवाद कार्यक्रममा उनीहरूले मधेसी राजनीतिक दलले आफ्नो कार्यशैली सुधार नगरेको भन्दै नयाँ ढंगले राजनीतिक शक्ति निर्माण गर्नुपर्नेमा जोड दिएका छन्।

मधेसी समाजमा परिवर्तन आए पनि मधेसवादी दलहरूले समयअनुसार आफूलाई रूपान्तरण गर्न नसकेको भन्दै उनीहरूले मधेसी राजनीतिमा नेतृत्व पुस्तान्तरणको आवश्यकता औँल्याएका छन्। हालै जनता समाजवादी पार्टी नेपालको केन्द्रीय सदस्यबाट राजीनामा दिएका विक्की यादवले मधेसवादी दलका नेतृत्वकर्ताहरूले आफ्नो नेतृत्व जोगाउनकै लागि अग्रगामी मोर्चा बनाएको आरोप लगाएका छन्।

समाजको बदलिँदो आवश्यकता अनुसार आफूलाई परिवर्तन गर्न पुराना दलहरू तयार नभएको भन्दै उनले मधेसका युवाहरू नयाँ ढंगले अगाडि बढ्नुपर्ने आवश्यकता रहेको बताएका छन्। प्रतिष्ठानकी अध्यक्ष



तथा शहीद संजय चौधरीकी बहिनी ममता चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जनअधिकार पार्टीका अध्यक्ष डा. शरदसिंह यादवले मधेसी राजनीतिको कमजोरीलाई स्थानीय उत्पादनको उदाहरणसँग जोड्दै सप्तरीको आँप र बरमझियाको पेडासमेत ब्रान्डिङ गर्न नसक्नु मधेसी राजनीतिको असफलता भएको धारणा राखे।

जनता समाजवादी पार्टी नेपालका सचिव सुरेश मण्डलले ७५ वर्षको राजनीतिक यात्रामा पनि मधेसी राजनीतिले एउटा सशक्त पार्टी निर्माण गर्न नसकेको टिप्पणी गरे। त्यस्तै, युवा अभियन्ता आभाष गुरुले मधेसका लागि स्वशासनसँगै सुशासन पनि उत्तिकै आवश्यक रहेको बताए। संविधानसभा सदस्य विमल केडियाले मधेसको सामाजिक, आर्थिक र राजनीतिक अवस्थाबारे तथ्यमा आधारित बहस गर्न डाटाबेस तथा अनुसन्धान आवश्यक रहेको उल्लेख गरे।

पत्रकार स्नेहा झाले मधेसले वर्तमान समयअनुसार आफ्ना एजेन्डा तय गर्न नसकेको बताइन्। उनले नयाँ नेतृत्वले बदलिँदो समय र परिस्थितिलाई ध्यानमा राख्दै मधेसका एजेन्डा पुनःनिर्धारण गर्न आवश्यक रहेको धारणा राखिन्।

मधेसमा आफ्नै उत्पादन, पहिचान र सम्भावना हुँदाहुँदै पनि तिनलाई व्यवस्थित रूपमा ब्रान्डिङ गरी आर्थिक अवसरमा रूपान्तरण गर्न नसकिएको उनको भनाइ थियो। जनता लोकतान्त्रिक पार्टीका अध्यक्ष अशोक यादवले मधेसी राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र कमजोर रहेको टिप्पणी गरे। यही अवस्थाका कारण पुराना मधेसी दलहरू विघटनको संघारमा पुगेको उनले बताए।

प्रतिष्ठानका संरक्षक संजय यादवले पुराना राजनीतिक दल तथा नेताहरूप्रति जनविश्वास कमजोर हुँदै गएको टिप्पणी गरे। उनले मधेसमा नयाँ अभियानमार्फत नयाँ राजनीतिक शक्ति निर्माण गर्नुपर्ने आवश्यकता औँल्याए।

कार्यक्रममा राष्ट्रिय मुक्ति पार्टीका नेता सन्तोष मेहता, गायक रविराज साह, नेता तथा गायक आभाष लाभ, पत्रकार प्रतिमा चौधरी, उपप्राध्यापक रामबाबु मण्डल, मनिष मण्डल, रमण कर्णलगायत युवा राजनीतिकर्मी तथा अभियन्ताहरूको उपस्थिति थियो।

# जेसीजको भूमिका महत्वपूर्ण : सांसद ठाकुर

टुडे समाचारदाता

जनकपुरधाम । युवाको नेतृत्व विकास, व्यक्तित्व निर्माण र सामाजिक उत्तरदायित्व अभिवृद्धिमा जेसीजको भूमिका महत्त्वपूर्ण रहेको कुरामा मधेश प्रदेशका प्रदेश सभा सदस्य दीपेन्द्र कुमार ठाकुरले जोड दिएका छन्।




जनकपुर जेसीजद्वारा आयोजित सप्ताहव्यापी कार्यक्रमको उद्घाटन समारोहमा प्रमुख अतिथिका रूपमा सहभागी हुँदै ठाकुरले युवाहरूलाई समाज परिवर्तनको संवाहकका रूपमा अघि बढ्नुपर्नेमा जोड दिएका हुन्।

उनले नेतृत्व क्षमता र सामाजिक सेवाको भावनालाई व्यवहारमा उतार्न सके समाजमा सकारात्मक परिवर्तन ल्याउन सकिने धारणा व्यक्त गरे।

युवाहरूको क्षमता अभिवृद्धि, नेतृत्व विकास तथा सामाजिक सेवाका क्षेत्रमा जेसीजले सञ्चालन गर्दै आएका गतिविधिले जिम्मेवार र सक्षम नेतृत्व निर्माणमा सहयोग पुर्‍याउने विश्वास लिइएको छ।

कार्यक्रममा जनकपुर जेसीजका वर्ष २०२६ का अध्यक्ष भवेश झासहित कार्यकारिणी समितिका पदाधिकारी, सदस्य तथा जेसीज परिवारको उपस्थिति रहेको थियो। सप्ताहव्यापी कार्यक्रममार्फत युवाको नेतृत्व क्षमता विकास, व्यक्तित्व निर्माण, सामाजिक सेवा तथा सामुदायिक सहभागितालाई प्रोत्साहन गर्ने लक्ष्य राखिएको जनाइएको छ।

युवा नेतृत्वलाई सामाजिक उत्तरदायित्वसँग जोड्दै सकारात्मक परिवर्तनको अभियान अघि बढाउने उद्देश्यसहित आयोजित कार्यक्रमले समाज निर्माणमा युवाहरूको सहभागिता अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ।

# हत्या आरोपी गुण्डासँग भिडियो खिचाउने प्रहरी अनुसन्धानका तानिए

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाममा छुरा प्रहार गरी हत्या गरेको घटनामा संलग्न आरोपीसँग जोडिएको आरोपमा एक जना सशस्त्र प्रहरी जवान पनि अनुसन्धानमा तानिएका छन्।

हत्या आरोपी गुण्डाले परिचित इर्साद खानसँग हिंसा प्रोत्साहन गर्ने तथा अभद्र टिकटक बनाएको आरोपमा सशस्त्र प्रहरी जवान ऋषि मण्डल अनुसन्धानमा तानिएका हुन्।

जनकपुरधाममा बिहीबार साँझ इर्सादले छुरा प्रहार गर्दा जनकपुरधाम उपमहानगरपालिका- ५ का २४ वर्षीय आमिन साफीको मृत्यु भएको थियो। अर्का युवक २५ वर्षीय इम्तियाज राइन गम्भीर घाइते छन्।

घटनामा संलग्न इर्सादलाई




स्थानीय स्तरमा 'गुण्डा' भनेर पनि चिनिने प्रहरी अनुसन्धानले भेट्टाएको छ। उनीसँग सशस्त्र प्रहरी जवान मण्डलले केही महिना अघि रिल्स तथा टिकटक बनाएका थिए।

भिडियोमा इर्सादले खल्तीबाट खुकुरी निकालेर प्रदर्शन गर्दै अभद्र गाली गर्दै हिंसा गर्ने चेतावनी दिइरहेका सुनिन्छन्। जसमा सशस्त्र प्रहरी जवान मण्डल त्यसलाई प्रोटेक्सन गरेको देखिन्छन्।

इर्सादले अर्को समुदायलाई लक्षित गरी हिंसा तथा सद्भाव बिगार्ने कयौं भिडियो रिल्स तथा टिकटक बनाएको प्रहरी अनुसन्धानमा खुलेको छ।

# ८ लाख बढीको भन्सार छलीको सामान बरामद

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका-२३स्थितबसपार्कबाट धनुषा प्रहरीले भन्सार छली गरी भित्रियाइएका करिब ८ लाख ८५ हजार रुपैयाँ मूल्यका इलेक्ट्रोनिक्स तथा अन्य सामान बरामद गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले जनाए अनुसार शनिबार दिउँसो महोत्तरीबाट जनकपुरधामतर्फ आउँदै गरेको मधेश प्रदेश ०३-००२ प १२२२ नम्बरको यात्रुवाहक ई-रिक्सालाई रोकेर जाँच गर्दा भन्सार छलीका सामान फेला परेका हुन्।

प्रहरी टोलीले ई-रिक्साको चालक र यात्रु बस्ने सिटमुनि फल्स बटन बनाई लुकाएर ल्याइँदै गरेका सामान बरामद गरेको हो। सामानसहित ई-रिक्सा र त्यसका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। नियन्त्रणमा लिइएका चालक महोत्तरीको जलेश्वर नगरपालिका-२ निवासी १८ वर्षीय रवि कुमार ठाकुर रहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए। प्रहरीका अनुसार बरामद सामानमा ई-रिक्सा, २०० थान इयरबड्स प्रो, १०० थान स्मार्टवाच, १०० थान नेकब्यान्ड, २० प्याकेट खुला इयरफोनलगायत सामग्री रहेका छन्।

बरामद सामानमध्ये ई-रिक्साको मूल्य करिब ४ लाख रुपैयाँ, इयरबड्स प्रोको २ लाख रुपैयाँ, स्मार्टवाचको ८० हजार रुपैयाँ, नेकब्यान्डको ५५ हजार रुपैयाँ र खुला इयरफोनको १ लाख ५० हजार रुपैयाँ मूल्याङ्कन गरिएको प्रहरीले जनाएको छ।

# धनुषाको ६ ठाउँमा यात्रु सहायता कक्ष

टुडे समाचारदाता

जनकपुरधाम । बडादशैं, दीपावली तथा छठ पर्वलाई लक्षित गर्दै धनुषामा प्रहरीले यात्रु सहायता कक्ष र रिफ्रेस सेन्टर स्थापना गरिएको छ।




चाडपर्वका समयमा सार्वजनिक यातायातमा यात्रुको चाप बढ्ने भएकाले यात्रुहरूको सुरक्षा, सहज आवागमन तथा यात्राका क्रममा हुन सक्ने ठगी र दुर्व्यवहार नियन्त्रण गर्ने उद्देश्यले जिल्लाका विभिन्न ६ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिएको धनुषा प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषा र जिल्ला ट्राफिक प्रहरी कार्यालय जिरोमाइल धनुषाको समन्वयमा जनकपुरधाम बसपार्क, रामानन्द चोक, मुजेलिया, ढल्केवर, लालगढ र पोर्ताहामा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको हो।

यात्राका क्रममा टिकट तथा भाडादरसम्बन्धी गुनासो, ठगी, दुर्व्यवहार तथा अन्य समस्यामा परेका यात्रुलाई आवश्यक सहयोग उपलब्ध गराउनुका साथै हराएका सामानको खोजतलास र आकस्मिक सुरक्षासम्बन्धी सहजीकरण गर्ने उद्देश्यले सहायता कक्ष स्थापना गरिएको प्रहरीले जनाएको छ।

त्यसैगरी, यात्रुहरूलाई यात्राका क्रममा सहजता प्रदान गर्ने उद्देश्यले जिल्ला प्रहरी कार्यालय धनुषा र जिल्ला ट्राफिक प्रहरी कार्यालय जिरोमाइलको अगाडि शुद्ध खानेपानी तथा शौचालयको सुविधासहित रिफ्रेस सेन्टरसमेत स्थापना गरिएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८